# सन्धिखर्क नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सन्धिखर्क अर्घाखाँची
लुम्बिनी प्रदेश ,नेपाल

प.स २०७८/०७९
च.नं ८१२

प्रकाशित मिति: २०७८/०८/२७

सूचना। सूचना। ।सूचना ।।।

सन्धिखर्क नगरपालिका,सन्धिखर्क,अर्घाखाँचीको आ.व.२०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सन्धिखर्क नगरपालिकाको नगरप्रमुख छुत्के बचत योजना सञ्चालन कार्यविधि-२०७८ को दफा १४ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम योजना सञ्चालनका लागि लागत साझेदारी वा अन्य सहुलियतपूर्ण सेवा सुविधाका लागि यो सूचना प्रकासित भएको मितिले १५ दिनभित्र नगर क्षेत्रभित्र रहेका ईच्छुक बैंक तथा वितिय संस्थाबाट १५ दिने प्रस्ताव आह्वान गरिएको हुँदा तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही प्रस्ताव पेस गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. सन्धिखर्क नगरपालिकाको तर्फबाट नगर प्रमुख छुत्के बचत योजनामा विनियोजन भएको रकम प्रस्ताव स्वीकृत हुने बैंक तथा वितिय संस्था मार्फत लाभग्राहीको नाममा खाता खोली अनुदान उपलब्ध गराईनेछ।
२. सम्बन्धित बैंकले निशुल्क रूपमा लाभग्राहीको नाममा बैंक खाता खोलिदिनु पर्नेछ।
३. योजना सञ्चालनको लागि बालिकाको संरक्षक बाबा वा आमाको नाममा खाताखोली खोल्ने र उक्त रकम ३ वर्ष सम्म संरक्षकले झिक्न नपाउने गरी खाता सञ्चालन गर्नुपर्नेछ।
४. उक्त रकममा लाग्ने ब्याज र सहुलियतका बारेमा बैंक वा वित्तिय संस्थाले प्रस्तावमा नै स्पष्ट रूपमा उल्लेख गरि वार्षिक रूपमा सोही खातामा थप सुविधा उपलब्ध गराउनु पर्नेछ।
५. बालिकालाई कुनै गम्भिर प्रकारको रोग लागेमा वा बालिकाको नाममा विमा गरी विमा रकमको भुक्तानी गर्नुपर्ने भएमामात्र सन्धिखर्क नगरपालिकाको सिफारिसमा सो अवधिसम्मको सहुलियत समेत गरी सम्बन्धित बालिकाको संरक्षक बाबा वा आमा मध्ये खाता सञ्चालकलाई बैंक वा वित्तिय संस्थाले उक्त रकम भुक्तानी दिनुपर्नेछ।
६. अन्य कुराहरू सम्बन्धित बैंक/वित्तिय संस्था र सन्धिखर्क नगरपालिका विच हुने सम्झौतामा उल्लिखित सर्तहरू बमोजिम हुनेछ।
७. प्रस्ताव यस कार्यालयको स्वास्थ्य शाखाबाट उपलब्ध गराईने छ ।
८. यस सुचनामा उल्लेख भएका व्यवस्थाहरू यसै बमोजिम हुने र सुचनामा उल्लेख नभएका व्यवस्थाहरूको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।
९. विस्तृत जानकारीका लागि कार्यालय समय भित्र सन्धिखर्क नगरपालिकाको स्वास्थ्य शाखामा सम्पर्क गर्न सकिनेछ ।

(नारायण अर्याल)
प्रमुख प्रशासकीय अधिकृत

श्री सूचना तथा प्रविधि शाखा:नगरपालिकाको वेव पेजमा अपलोड गर्नुहुन।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner